भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णयहरु
मिति :२०८१.०५/१०

## नगर कार्यपालिकाको ३१औं बैठकको एजेन्डा

मिति : २०८१/०५/१० गते

समय : विहान ७:०० बजे

१) अघिल्लो नगर कार्यपालिकाको बैठकको समिक्षा सम्वन्धमा ।
२) भीमेश्वर नगरपालिकाको एकिकृत वस्ती विकास सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत सम्वन्धमा ।
३) सघन सहरी आयोजना, तथा आयोजना स्थल तोक्ने सम्वन्धमा ।
४) सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७५ को पहिलो संशोधन स्वीकृत गर्ने सम्वन्धमा ।
५) जनसहभागिता निर्धारण सम्वन्धमा ।
६) IOM हल सम्वन्धमा ।
७) सिमपानी हल सम्वन्धमा ।
८) दलित/गैर दलित विवाह प्रोत्साहन कार्यक्रम सम्वन्धमा ।
९) पखालाती भवनको भाडा सम्वन्धमा
१०) भीनपा ९ स्थित सूचना कक्ष सहित चमेना गृहको भाडा सम्वन्धमा ।
११ ) उद्योग/व्यवसायको दर्ता/नवीकरण सम्वन्धमा ।
१२) नविकरण छुट भएका व्यवसायको कर छुट सम्वन्धमा ।
१३) घर बहाल कर सम्वन्धमा ।
१४) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्वन्धमा ।
१५) पारिश्रमिक थप गर्ने सम्वन्धमा (शहरी स्वास्थ्य केन्द्र) ।
१६) सुष्पाक्षमावती स्वास्थ्य चौकी वडा नं. १ मर्मत सम्भार गर्न अनुरोध सम्वन्धमा
१७) नगर प्रहरी, विपद व्यवस्थापन तथा साना सवारी साधन चलाउने जनशक्तिको सुविधा सम्वन्धमा ।
१८) विपद व्यवस्थापन द्रुत सहजीकरण समिति गठन सम्वन्धमा ।
१९) नगर प्रहरी निरीक्षकको पदको दरवन्दी १ (करार) सिर्जना गर्ने सम्वन्धमा ।
२०) नगरपालिकाको नाममा रहेका सवारी साधनमा ईन्धन व्यवस्थापन सम्वन्धमा ।
२१) आयोजना शिर्षकान्तर/रकमान्तर सम्वन्धमा ।
२२) पर्यटन पूर्वाधार निर्माणका लागि अनुरोध गर्ने सम्वन्धमा ।
२३) वडा नं. ७ स्थित ओख्रे खेल मैदान निर्माणका लागि प्रदेश सरकारमा अनुरोध गर्ने सम्वन्धमा ।
२४) बहुबर्षीय आयोजना समावेश गरिदिने सम्वन्धमा
२५) विविध सम्वन्धमा :

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णयहरु
मिति :२०८१.०५/१०

निर्णय नं. १ : यस नगरपालिकाको मिति २०८१ साउन १२ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन अवस्थाको समीक्षा गरियो ।

निर्णय नं. २ : भीमेश्वर नगरपालिकाको एकिकृत वस्ती विकास सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : सघन सहरी तथा भवन निर्माण आयोजना, रामेछाप अन्तर्गत सघन शहरी विकास कार्यक्रम तथा चालु आ.व. २०८१/०८२ मा सन्चालन हुने कार्यक्रम लागि वस्ती विकास कार्यक्रमको कार्यविधि बमोजिमका आयोजना/कार्यक्रमहरु यस नगरपालिकाका शहरी क्षेत्र भएका वडा नं. २. ३ र ६ मा रहेको तपसिलका आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्न सघन सहरी तथा भवन निर्माण आयोजना, रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भीमेश्वर रंगशाला (चरिकोट टुडीखेल) | भीनपा ३ | बहुवर्षीय |
| २ | पाटिखोला — मानेडाँडा —वन कार्यालय सडक | भीनपा ६ | |
| ३ | सांगखोला पक्कि पुल निर्माण | भीनपा ३ | |
| ४. | चरिकोट — सांगखोला — गोलेगाउँ सडक | भीनपा २ र ३ | |
| ५. | घ्यावापानी — मानेटार सडक | भीनपा ६ र ७ | |
| ६. | बिसौने —भ्यु- टावर — दउराली सडक | भीनपा ६ | |
| ७. | च्छो- रोल्पा — रातमाटे सडक | भीनपा ३ | |
| ८. | चरिघ्यांग — टुकीसंघ सडक | भीनपा ३ | |
| ९. | चरिघ्यांग — बालगृह सडक | भीनपा ३ र ५ | |
| १०. | डुंगटि — तिखातल सडक | भीनपा २ | |
| ११. | काडल वन — दुंगल सडक | भीनपा २ | |
| १२. | एकिकृत बस्ति सडक स्तरोन्नति | भीनपा ४ | |

आयोजना स्थल (वस्ती विकास कार्यक्रम)

| क्र.स. | आयोजनाको नाम | सुरु बिन्दु | अन्तिम बिन्दु |
|---|---|---|---|
| १ | झिगान — धोद्रे सडक, भीनपा ९ | झिगान | धोद्रे |
| २ | चरिकोट बसपार्क निर्माण, भीनपा ३ | लामाचौर कृषि बजार क्षेत्र | |
| ३ | नारायणदेउघाट मलामी पदमार्ग भीनपा ३ | गौतमटोल | नारायणदेउघाट |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णयहरु
मिति :२०८१.०५/१०

**निर्णय नं. ४ :** भीमेश्वर नगरपालिकाबाट जारी सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७५ (खण्ड १ भाग २, संख्या : ४ ( मिति २०७५/०९/०५) को प्रथम संशोधनको लागि तयार पारिएको संलग्न तीन महले संशोधन प्रस्ताव, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

| दफा | शीर्षक | भएको प्रावधान | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|---|
| १४ | अन्तिम लेखापरीक्षकको पारिश्रमिक | (२) उपनियम १ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा वार्षिक दस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा पाँच हजार रुपैयाँसम्म, त्यसपछि पच्चिस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा प्रतिहजार थप तीन रुपैयाँ र त्यसपछि प्रतिहजार थप एक रुपैयाँ पचास पैसा पारिश्रमिक दिनुपर्ने छ । | २) उपनियम १ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा वार्षिक देहाय अनुसार भुक्तानी गर्नु पर्नेछ<br>विद्यालय तह — अधिकतम सेवा सुविधा<br>सामुदायिक अध्ययन केन्द्र — ५०००<br>आधारभूत कक्षा (१-३) — ५०००<br>आधारभूत कक्षा (१-५) — ७०००<br>आधारभूत कक्षा (१-८) — १२०००<br>माध्यमिक कक्षा (१-१०) — २००००<br>माध्यमिक कक्षा (१-१२) — २५०००<br>प्राविधिक धार सञ्चालित विद्यालय (सङ्घीय सरकारबाट अनुदान प्राप्त) — ३००००<br>नमूना माध्यमिक कक्षा (१-१२) — ३५००० | विद्यालयमा पर्याप्त स्रोत नभएका, कम मूल्यमा लेखापरिक्षकले लेखा परिक्षण गर्न नमानेको र समय अनुसार सुधार गर्नु पर्ने भएको हुँदा |

सामुदायिक विद्यालयहरुको आ.व. २०८०/०८१ को अन्तिम लेखा परिक्षण गर्नका लागि यस नगरपालिकाको सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, पहिलो संशोधन, २०८१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** उपभोक्ता समिति मार्फत सन्चालन हुने आयोजना/कार्यक्रमहरुको जनसहभागिता तपसिल बमोजिम निर्णय गरियो ।

क) सडक तथा गोरेटो बाटो निर्माण/मर्मत — कम्तिमा १५ प्रतिशत
ख) खानेपानी तथा सिंचाई आयोजना — कम्तिमा १५ प्रतिशत
ग) भवन निर्माण/मर्मत — कम्तिमा १० प्रतिशत
घ) अन्य पूर्वाधार — कम्तिमा १५ प्रतिशत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णयहरु
मिति :२०८१.०५/१०

निर्णय नं. ६ : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित IOM संस्थाले निर्माण गरी यस नगरपालिकालाई उपलव्ध गराइएको हल हाल पतन्जली योग समितिले प्रयोग गर्दै आएकोमा उक्त हलको व्यवस्थापन यस नगरपालिकाले आवश्यक परेको बखत निशुल्क उपलव्ध हुने गरी गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोटलाई हस्तान्तरण गर्ने निर्णय गरियो । उक्त हलमा जडान गरिएको विद्युत मिटर क्याम्पसकै नाममा जडान गर्न गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोटलाई प्रत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : भीनपा ६ स्थित सिमपानी स्थित NSET संस्थाले निर्माण गरी यस नगरपालिकालाई उपलव्ध गराएको हलमा विहानको समय (४ बजेदेखि ७ बजेसम्म) जीवन बिज्ञान समितिले योग सन्चालन गर्दै आएकोमा उक्त हलमा प्रयोग भएको विद्युत र पानी महसुल जीवन बिज्ञान योग समितिले नै व्यहोर्ने गरी नगरपालिकालाई आवश्यक रहेको बेला खाली गर्ने गरी जीवन बिज्ञान योग सन्चालन गर्न अनुमति प्रदान गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : यस नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दलित गैर दलित बिबाह प्रोत्साहन कार्यक्रममा रु २,००,०००/- (दुई लाख) बिनियोजन भई कार्यान्वयन समेत भई सकेकोमा उक्त आ.व.मा प्राप्त निवेदनहरु मध्ये भीनपा ७ निवासी राजन खड्काको निवेदन कार्यान्वयन गर्न बजेट अभावको कारण बाँकी रहेकोले चालु आ.व. २०८१/०८२ को ब.सि.नं. १६३ मा विनियोजित बजेट रु ३,००,०००/- (तीन लाख) बाट भुक्तानी निर्णय गरीयो ।

निर्णय नं. ९ : यस नगरपालिकाबाट निर्माण भएका वडा न. २ स्थित दोलखा बजारस्थित पाखलाती व्यवसायिक भवनहरुमा वस्ने व्यवसायीहरुबाट उक्त सटरहरु प्रयोग गरे वापत व्यवसाय सन्चालन गर्दै अईरहेकामा हालको बजारको अवस्थालाई मध्यनजर गरी हाल कायम भएको भाडा दरमा चालु आ.व.का लागि ५ प्रतिशत थप नगरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १० : यस नगरपालिकाबाट वडा न. ९ स्थित सूचना कक्ष सहित चमेना गृहमा भाडामा बस्ने श्री सीतालाल श्रेष्ठले व्यवसाय सन्चालन गर्दै अईरहेकामा हालको बजारको अवस्थालाई मध्यनजर गरी हाल कायम भएको भाडा दरमा चालु आ.व.का लागि ५ प्रतिशत थप नगरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११ : भीमेश्वर नगरपालिकाभित्र संचालित साना तथा मझौला उद्योग/ व्यवसायहरुको इजाजत दर्ता/नविकरण सम्वन्धी कार्य यस कार्यालयबाट भईरहेकोले प्रचलित कानून वमोजिम स्थानीय तहको कार्य क्षेत्रभित्र पर्ने उद्योग/व्यवसायको दर्ता/नविकरण यसै कार्यालयबाट गर्नुपर्ने भएकोले सम्वन्धित

अभिलेखहरु भीमेश्वर नगर कार्यपालिका कार्यालयमा हस्तान्तरण गर्न उद्योग तथा बाणिज्य कार्यालय, दोलखालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** : यस कार्यालयमा दर्ता भएका तर विविध कारणले नविकरण छुट भएका उद्योग/व्यवसायहरुको नवीकरण निरन्तरताको लागि अनुरोध गर्ने तथा व्यवसाय नवीकरण छुट भएका व्यवसायीहरुको लागि (निर्माण व्यवसाय वाहेक) एक पटकको लागि हर्जाना छुट दिई यहि मिति २०८१ साल पुष मसान्त सम्म व्यवसाय नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : भिमेश्वर नगरपालिकाको आर्थिक ऐन, २०८१ वमोजिमको घरवहाल कर बुझाउनको लागि कार्यालयले तयार पारेको बहाल कर विवरण स्वघोषणा फाराम वा सम्झौता पत्र उपलब्ध गराई सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुबाट घरवहाल कर बुझाउन सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मितिः २०८१/०४/१५ गतेको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धी सूचना बमोजिम यस भीमेश्वर नगरपालिकाको तपशिलका वडाहरुमा कार्यक्रम सञ्चालन गर्न लागत साझेदारी गर्ने प्रतिबद्धता सहित प्रस्ताब पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.स. | वडा | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | ४ | पशुपालन कार्यक्रम | गाई/भैसी |
| २. | ८ | पशुपालन कार्यक्रम | गाई/भैसी |
| ३. | १ | कृषि कार्यक्रम | तरकारी खेती |

**निर्णय नं. १५** : यस नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेका शहरी/आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुले खाइपाई आएको मासिक पारिश्रमिकमा रु १,०००/- (एक हजार) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : वर्षातको कारण भीमेश्वर नगरपालिका वडा नं. १ स्थित सुष्पाक्षमावती स्वास्थ्य चौकीमा क्षति भएकोले मर्मत/संरक्षण गर्नका लागि स्वास्थ्य मन्त्रालय, रामशाहपथ. काठमाण्डौमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विपद तथा आपतकालीन समयमा तथा कार्यालयको सुरक्षार्थ खटिने जनशक्ति र कार्यालयको साना सवारी साधन चलाउने सवारी चालकहरुबाट प्रवाह हुने सेवालाई सक्षम, सुदृढ, सेवामूलक बनाउन रात्रीकालीन विपदजन्य घटना तथा कार्यालयको सुरक्षार्थ र साना सवारी साधन चलाउने कर्मचारीहरुलाई देहाय बमोजिमको सुविधा २०८१

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णयहरु
मिति :२०८१.०५/१०

साउन १ गतेदेखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्य विवरण | जनशक्ति | सुविधा रकम रु | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | रात्रीकालीन समयमा खटिने (विपद/सुरक्षार्थ ) | बारुण यन्त्र चालक र नगर प्रहरीहरु | नेपाल प्रहरीले भीमेश्वर नगरपालिका क्षेत्रका लागि पाउने रासन वापतको मासिक रकम | बार्है महिना | ब्यारेकमा रहने |
| २. | रात्रीकालीन समयमा विपदको कार्य गर्न खटिने | ब्यांक हो लोडर अपरेटर | नेपाल प्रहरीले भीमेश्वर नगरपालिका क्षेत्रका लागि पाउने रासन वापतको मासिक रकम | मनसुन समयको ३ महिना | ब्यारेकमा रहने |
| ३. | साना सवारी साधन चलाउने | नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने सवारी साधन चलाउने चालक | दैनिक भ्रमण भत्ता पाउने बढीमा १० कार्य दिन बराबरको रकम | बार्है महिना | |

**निर्णय नं. १८** विपद व्यवस्थापनको कार्यलाई चुस्त, छिटो छरितो ढंगबाट प्रतिकार्य गरी तत्काल परिणाम देखिने कार्य गर्न तपसिल बमोजिमको द्रुत सहजीकरण विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक — नगर प्रवक्ता

सदस्य — वडा अध्यक्ष, वडा नं.६

सदस्य — विपद व्यवस्थापन, फोकल पर्सन,

सदस्य — नगर प्रहरी इन्चार्ज

सदस्य — सम्पर्क व्यक्ति MEOC

**निर्णय नं. १९** : नगरको सुरक्षा तथा बजार व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन भूतपूर्व नेपाली सेना (कम्तिमा सुबेदार सरह), सशस्त्र तथा नेपाल प्रहरी (कम्तिमा प्रहरी नायव निरीक्षक) बाट बढीमा ४५ वर्ष उमेरसम्मका नायव नगर प्रहरी निरीक्षक पद १ करार दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०** : यस नगरपालिकाको नाममा रहेको सम्पूर्ण सवारी साधनहरुको व्यवस्थापन तथा एकरूपताका लागि ईन्धन भर्न तपसिलका कर्मचारीहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

क — अर्जुन बहादुर लामा सामाजिक परिचालक

ख — रवि बस्नेत, रोजगार सहायक

**निर्णय नं. २१** : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गत ५ नं. वडा कार्यालयको सिफारिसको आधारमा दलित, जनजाति, विपन्न महिला विकास

कार्यक्रममा विनियोजित रु १,००,०००/- बाह्र आँखा शिविर कार्यक्रमलाई रु ५०,०००/- (पचास हजार) र तीज विशेष कार्यक्रमलाई रु ५०,०००/- (पचास हजार) रकमान्तर/शिर्षकान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : चालु आ.व. मा कार्यन्वयन गर्न यस नगरपालिकाको निम्न स्थानमा पर्यटन पूर्वाधार तयार गरी प्रवर्द्धनका लागि बजेट बिनियोजन गरिदिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवारमा अनुरोध गर्ने निर्णय गरियो ।

| क.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | शिव ताल विस्तार तथा स्तरोन्नति | भीनपा ९ | |
| २. | चर्नावती हात्तीछहरा- गणेश थुम्की — कालिन्चोक साँस्कृतिक पद यात्रा निर्माण | भीनपा ७ र ८ | |

निर्णय नं. २२ : भीमेश्वर नगरपालिका वडा नं. ७ स्थित ओखे खेलमैदान निर्माणका लागि प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ : भीमेश्वर नगरपालिकाको महत्वपूर्ण तपसिलका आयोजनाहरुलाई बहुवर्षीय आयोजनामा समावेश गरिदिन सहरी विकास मन्त्रालय, सिंहदरवारमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | चरिकोट बसपार्क निर्माण | भीनपा ३ | |
| २. | झिगान — धोद्रे सडक | भीनपा ९ | |
| ३. | | | |

विविध (निर्णय नं. २४) :

क) भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित प्रसिद्ध महांकाली भगवती मन्दिरमा वर्षौं देखि नवरात्रीमा विशेष पुजाआजा गर्दै आइरहेको र यस वर्षमा पनि सो पुजाआजा कार्यक्रमलाई निरन्तरताको लागि आर्थिक सहयोगको माग भई आएकोले ब.सि.नं. ४० को कार्यक्रम खर्च (धार्मिक साँस्कृतिक तथा जात्रा पर्व) नगरपालिकाको अन्य क्षेत्रबाट रु ३५,०००/- (पैतिस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित ऐतिहासिक चरिघ्यांग गुम्बा, माने, चौतराहरुमा जनै पुर्णिमाको अवसरमा मनाईने परम्परागत गोने पुर्ने जात्रा सन्चालनका लागि गुम्बा व्यवस्थापन समितिलाई ब.सि.नं.

४० को कार्यक्रम खर्च (धार्मिक साँस्कृतिक तथा जात्रा पर्व) नगरपालिकाको अन्य क्षेत्रबाट रु ३००००/- (तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिकाको नगरस्तरीय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमणिका स्व-मूल्यांकन प्रतिवेदन, २०८१ अनुमोदन गर्ने निर्णय गरियो।

घ) भीमेश्वर नगरपालिका वडा नं. २, स्थित सुवर्ण बाख्रा पालन फार्म (रुपेश श्रेष्ठ) ले विगत लामो समय देखि बाख्रा पालन गर्दै आएको र हाल खोर मर्मत गर्नु पर्ने भएको भनि यस कार्यालयमा मितिः २०८१/०२/२० गते दिएको निबेदन अनुसार निजलाई खोर निर्माण तथा सुधारको लागि शिर्षक नं. १८१ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट रु.५०,०००/- दिने निर्णय गरियो ।

ङ) भीमेश्वर नगरपालिका वडा नं. १, डाँडाथोक, क्षमावती बस्ने राजु खाती (परिवार संख्या ६) को आर्थिक स्थिति दयनीय भएको र बासस्थान अत्यन्त जिर्ण भएको हुँदा अस्थायी आवास व्यवस्थापनका लागि शिर्षक नं. १८१ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट रु.५०,०००/- दिने निर्णय गरियो ।

च) भीमेश्वर नगरपालिका कार्यालयमा हाल मौजुदा रहेको दुई पांग्रे सवारी साधन सवारी चालक अनुमति प्राप्त कर्मचारीले कार्यालय प्रयोजनका लागि निम्न शाखा तथा वडा कार्यालयहरुलाई उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

प्रशासन शाखा १, आर्थिक प्रशासन शाखा १, शिक्षा, युवा तथा खेलकुद शाखा १, पशु सेवा शाखा १, कृषि शाखा १, आर्थिक विकास शाखा १, प्रधानमन्त्री रोजगार कार्यक्रम १, **पूर्वाधार विकास तथा वातावरण व्यवास्थापन शाखा तर्फ** ई. सुरेश राउत १, ई, नारायण प्रसाद शिवाकोटी १, रामजी थापा १, लिला बहादुर जिरेल १, भविन्द्र थापा १, ई. गौरव बस्नेत १, बलराम बस्नेत १, विकेश थामी १, चित्र बहादुर श्रेष्ठ १, दिपकराज श्रेष्ठ १, MEOC १, नगर प्रहरी १, बारुण यन्त्र चालक १, **सवारी चालक तर्फ** राजु कार्की १, देवराज कुसुले १, शंकर बहादुर खत्री १, **वडा सहायक तर्फ** लिला बहादुर तामांग १, सुजन शाही १, **वडा सचिव तर्फ** भिम बहादुर बस्नेत १, संजय पासवान १, ऋषि प्रसाद दाहाल १, प्रमोद पोखेल १, शान्ति बहादुर केसी १

उल्लेखित शाखा तथा वडा कार्यालयमा उपलव्ध गराइएको सवारी साधनहरु बाहेक अन्य कर्मचारीहरुले बुझेको सवारी साधन कार्यालयमा बुझाउने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत